# शहीदनगर नगरपालिका

# स्थानिय राजपत्र

खण्ड : ७ संख्या : १ मिति : २०८२/०७/०६

## भाग २

## शहीदनगर नगरपालिकाको

### कर्मचारी कल्याण कोष संचालन कार्यविधि २०८२

नगरसभा बाट स्वीकृति मिति :- २०८२/०३/०९ गते

प्रस्तावना :- शहीदनगर नगरपालिका यदुकूहामा कार्यरत कर्मचारीहरुका लागि उपदान लगायतका सुविधाहरु उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना तथा संचालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शहीदनगर नगरपालिका,यदुकूहाका कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८२ पारित गरी लागु गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ: (१) यो ऐनको नाम शहीदनगर नगरपालिका, यदुकूहा धनुषा कर्मचारी कल्याण कोष संचालन कार्यविधि २०८२ रहेको छ ।

(२) यो कार्यविधि शहीदनगर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२ परिभाषा : विषय वा प्रसङ्गले अर्को कार्य वा अर्थ नलागेमा यस ऐनमा,

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गते देखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्नेछ ।

(ख) "कर्मचारी" भन्नाले शहीदनगर नगरपालिकाको विभिन्न सेवाका स्थायी कर्मचारी, सम्झनु पर्छ ।

(ग) नगरपालिका" भन्नाले शहीदनगर नगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) कार्यविधि भन्नाने शहीदनगर नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन (कार्यविधि) २०८१ सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले शहीदनगर नगरपालिका कर्मचारीहरुलाई उपदान जस्ता सुविधाहरु प्रदान गर्ने प्रयोजनका लागि स्थापना भएको कोष सम्झनु पर्दछ ।

(च) तोकिए या तोकिए बमोजिम भन्नाले शहीदनगर नगरकार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) "नगरपालिका" भन्नाले शहीदनगर नगरकार्यपालिका सम्झनु पर्दछ।

(ज) "प्रमुख" भन्नाने शहीदनगर नगरकार्यपालिका प्रमुख सम्झनु पर्दछ ।

(झ) प्रमुख प्रशासकीय अधिकृत शहीदनगर नगरकार्यपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ञ) 'संघीय ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ट) "संचालक समिति" भन्नाले कोष संचालनका लागि गठन भएको संचालक समिति सम्झनु पर्दछ ।

(ठ) "सभा" भन्नाले शहीदनगर नगरकार्यपालिकाको सभा सम्झनु पर्दछ ।



CamScanner

## परिच्छेद २

## कल्याण कोष स्थापना, उदेश्य तथा प्रयोग सम्वन्धी व्यवस्था

३. **कल्याण कोषको स्थापना:** (१) शहीदनगर कर्मचारी कल्याण कोष (संचालन) प्रयोजनका लागि शहीदनगर नगरकार्यपालिकाको कर्मचारी कल्याण कोष नामको एक कोष रहने छ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा शहीदनगर नगरकार्यपालिकाको विनियोजन गरिएको रकम जम्मा गरिनेछ। कोष संचालनका लागि शहीदनगर नगरकार्यपालिकामा कार्यरत अन्य सेवाका स्थायी कर्मचारी, स्थानीय सेवा तर्फका स्थायी, कर्मचारीहरुले पाउने शुरु तलब स्केलको वार्षिक कम्तिमा एक महिना बराबरको रकम शहीदनगर नगरकार्यपालिकाबाट उक्त कोषमा जम्मा गरिने छ । एकमुष्ट रकम पनि कोषमा जम्मा गर्न सकिनेछ ।

(३) स्थानीय सेवा र अन्य सेवातर्फका स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुविधा तथा कोषको हकमा सघीय तथा प्रदेश कानून नबन्दा सम्म यसै कार्यविधि अनुसार हुनेछ ।

(४) माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) कर्मचारी कल्याण कोषको लागि शहीदनगर नगरकार्यपालिकाले हालसम्म छुट्याएको रकम,

(ख) अन्य निकायबाट शहीदनगर नगरकार्यपालिकाको उक्त कोषलाई प्राप्त रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) कोषमा रहेको रकमबाट प्राप्त व्याज रकम,

(ङ) कर्मचारीलाई सुविधा दिने प्रयोजनका लागि शहीदनगर नगरकार्यपालिकाले विनियोजन गरेको अन्य रकम,

(५) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले तोकेको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा "कर्मचारी कल्याण कोष को नाममा बचत खाता खोली राखिनेछ।

**४. सदस्यता:** (१)शहीदनगर नगरकार्यपालिकाको स्थानीय तह र अन्य सेवातर्फका स्थायी कर्मचारी स्वतः कल्याण कोषको सदस्य हुने छ।

**५. कोषको उद्देश्य:** (१) स्थानीय तह र अन्य सेवाका स्थायी कर्मचारीहरुलाई उपदान सेबा वापत पाउने रकम प्रदान गर्नु कोषको प्रमुख उद्देश्य हुनेछ ।

६. कोषको प्रयोग: देहाय बमोजिमको कामका लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिने छ।

(क) स्थानीय सेवा र अन्य सेवा तर्फका स्थायी कर्मचारी जुनसुकै तबरले नोकरीबाट अलग भएकोमा उपदान लगायतका सुविधा उपलब्ध गराउन ।

**७. कोषको प्रयोग गर्न नपाईने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैन

(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,

(ख) जुनै सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रुपमा तलव, भत्ता बा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैर सरकारी पदाधिकारी मा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन ।

(घ) कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) गोष्ठी, अन्तरकृया वा सभा सम्मेलन संचालन गर्ने,

(च) कुनै पनि पुर्वाधार निर्माणका काम गर्न गराउन,

(छ) कर्मचारी कल्याण बाहेक अन्य कुनै पनि कार्य गराउन,

## परिच्छेद ३

## संचालक समिति गठन र बैठक प्रकिया

**८. संचालक समिति** (१) कर्मचारी कल्याण कोषको संचालन तथा व्यवस्थापनका लागि एक संचालक समिति रहने छ।

(२) उपदफा (१) बमोजिम गठन गरिने संचानक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछ।

(क) नगर प्रमुख अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) शहीदनगर नगरकार्यपालिका प्रशासन शाखा प्रमुख सदस्य

(घ) शहीदनगर नगरकार्यपालिका लेखा शाखा प्रमुख सदस्य सचिव

९. संचालक समितिको बैठक: (१) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिने छ । सर्वसम्मति कायम हुन नसकेमा प्रमुख समेतको बहुमतको निर्णयलाई सचालक समितिको निर्णय मानिने छ।

(२) संचालक समितिको बैठकसे काम कारवाही तथा निर्णय नगर प्रमुख बाहेक अन्य कुनै पद रिक्त वा कुनै सदस्यको अनुपस्थित भएको कारणले मात्र अमान्य हुनै छैन ।

**१०. संचालक समितिको काम, कर्तव्य र अधिकार** (१) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने,

(२) आर्थिक स्रोत जुटाउन प्रयास गर्ने,

(३) कोषको आय वृद्धि गर्ने विविधि कार्यक्रम संचालन गर्ने,

(४) कोष संचालनका नीति तथा कार्यक्रम निर्माण गर्ने,

(५) हरेक आर्थिक वर्षको हर हिसाबको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने,

**११ समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व** (१) कोप संचालक समितिका सदस्य तथा कर्मचारीले यस ऐनको उदेश्य विपरीत हुने गरी कोषको वितरणमा भेदभाव गर्न बा कोषको दुरुपयोग गर्न पाउने छैन

(२) **उपदफा** (१) को प्रतिकुल हुने गरी काम गरेको प्रमाणित भएका त्यस्तो कार्यमा सलग्न समितिका सदस्य या कर्मचारीले पाउने सुबिधा रकमबाट जफत गर्न सकिने छ ।

१२ **उपदान पाउने** (१) यो ऐन बमोजिम जम्मा भएको रकमबाट शहीदनगर नगरपालिकामा कार्यरत स्थानीय तह र अन्य सेवा तर्फका स्थायी कर्मचारीले अबकाश प्राप्त गर्दा कोषबाट प्रदान गरिने छ।

(२) **उपदफा** (१) बमोजिम पाउने उपदान देहाय बमोजिम उपलब्ध गराईने छ,

(क) स्थायी कर्मचारीहरुले नियुक्ति हुदाको बखतको ऐन, नियमावलीले तोके बमोजिमको सेवा सुविधा

उपलब्ध गराइनेछ।

१३. **जुनसुकै शीर्षकबाट भुक्तानी हुने** : स्थायी कर्मचारी अवकाश हुंदाँ वा अन्य कारणले कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकमान्तर गरी भुक्तानी गरिने छ।

## परिच्छेद ४

### <u>कोषको संचालन, लेखा तया लेखापरीक्षण</u>

१५ **कोष खाता** शहीदनगर नगरकार्यपालिकाले कर्मचारी कल्याण कोषका लागि अलग्गै विशेष बचत खाता नेपाल सरकारवाट मान्यता प्राप्त बैंकमा खोलिने।

१६. **खाता संचालन** (१) कोषको आर्थिक कारोबारका लागि बैंक खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा शाखा प्रमुखको संयूक्त दस्तखतबाट हुनेछ।

१७. **कोषको आय व्ययको लेखा तथा सोको सार्वजनीकरण** (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ।

(२) कोपको कार्यपालिकाले तोके बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी

वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत शहीदनगर नगरकार्यपालिकाको सभा समक्ष पश गर्नु पर्नेछ।

१८ **लेखापरीक्षक** (१) कोषको आन्तरिक लेखा परीक्षण शहीदनगर नगरकार्यपालकाको आन्तरिक लेखा परीक्षण शाखा वा प्रदेश कानुनले तोके बमोजिम हुनेछ।

(३) लेखापरीक्षण प्रतिवेदन कार्यपालिका मार्फत शहीदनगर नगरकार्यपालिको सभामा पेश गर्नु पर्नेछ ।

१९. **रकम फ्रिज नहुने** (१) दफा ३ को उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आशिंक या पुरै रकम कुनै आर्थिक बर्षमा खर्च नमई बाकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोष मै रहनेछ ।

## परिच्छेद ५

## विविध

२०. **निर्देशन दिन सक्ने**:- कोष संचालन सम्बन्धी विषयमा कार्यपालिका वा गाउपालिका सभाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्न समितिको कर्तव्य हुनेछ ।

२१ **सहयोगका लागी आव्हान गर्न सक्ने**: कुनै कारणले कर्मचारी कल्याण कोषमा रकम अभाव भई भुक्तानी गर्न समस्या उत्पन्न भएमा नगरपालिकाले प्रदेश तथा केन्द्र सरकार समक्ष सहयोगका लागि आव्हान गर्न सक्नेछ ।

२२ **दायित्व सर्ने**: यो ऐन प्रारम्भ हुनु भन्दा अघि सिर्जना भएका नगरपालिका कर्मचारी कल्याण कोषसंग सम्बन्धित हक तथा दायित्व यस ऐन बमोजिम कोषमा सर्नेछ ।

२३. **बचाउ**: यो ऐन प्रारम्भ हुनु भन्दा अघि नगरपालिकाको कर्मचारी कल्याण कोषको नाममा भए गरेका सम्पुर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ। स्थायी प्रकृतिका कर्मचारी कल्याण कोषको हकमा संघीय या प्रदेश कानून नबन्दासम्म यसै ऐनमा व्यवस्था भए बमोजिम गरिनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

आज्ञाले
अनिल कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

| शहीदनगर नगरपालिका द्धारा प्रकाशित | मुल्य रु ५।- |
|---|---|